सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३१० ♦ २०८३ साल साउन १२ मंगलवार ♦ 28 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# लोकतन्त्रमा सबैको आवाज सुनिनुपर्छ : प्रदेश प्रमुख कर्ण

**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, जनकपुरधाम**

मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णले महिला, दलित तथा विभेदमा परेका जातजाति र समुदायको आवाज बन्ने तथा उनीहरूलाई न्यायको पहुँचसम्म पुऱ्याउने दायित्व राज्यका सबै निकाय र सरोकारवालाले साझा रूपमा वहन गर्नुपर्ने बताएका छन् ।




सोमबार जनकपुरधाममा आयोजित 'मधेश प्रदेश मानव अधिकार सम्मेलन' लाई सम्बोधन गर्दै उनले लोकतान्त्रिक शासन व्यवस्थामा आम नागरिकको आवाज समान रूपमा सुनिनुपर्नेमा जोड दिएका छन ।

उनले राज्यका सुरक्षा तथा अन्य निकायहरूले राजनीतिक नेतृत्वको कुरा प्राथमिकताका साथ सुन्ने तर निमुखा र विपन्न नागरिकका गुनासा बेवास्ता हुने गरेको भन्दै त्यसप्रति असन्तुष्टि व्यक्त गरे ।

उनले भने, "आम नागरिकका धेरै गुनासा छन् । राज्यका सुरक्षा लगायतका निकायहरूले दलका नेताहरूको कुरा सुन्छन्, तर निमुखा नागरिकको आवाज सुन्दैनन् । यस्तो अवस्था लोकतन्त्रको मर्मअनुकूल होइन । लोकतन्त्रमा सबै नागरिकको अधिकार समान हुनुपर्छ, न्यायमा सबैको पहुँच सुनिश्चित हुनुपर्छ र प्रत्येक नागरिकले सम्मानपूर्वक जीवन बाँच्न पाउनुपर्छ । त्यसैलाई मानव अधिकारको वास्तविक सम्मान मान्न सकिन्छ ।"

प्रदेश प्रमुख कर्णले अब नयाँ सोच र सकारात्मक परिवर्तनको नेतृत्व युवापुस्ताबाट सुरु हुनुपर्ने उल्लेख गर्दै मानव अधिकार सम्बन्धी जनचेतना युवा, महिला, दलित तथा राज्यका सेवाबाट टाढा रहेका समुदायसम्म प्रभावकारी रूपमा पुऱ्याउन आवश्यक रहेको बताए ।

उनले मधेश प्रदेश सरकारलाई मानव अधिकार संरक्षण र प्रवर्द्धनलाई केन्द्रमा राखेर आवश्यक कानुन निर्माण गर्न आग्रहसमेत गरे ।

प्रदेश प्रमुख कर्णले मधेशका ग्रामीण क्षेत्रमा मानव अधिकार उल्लङ्घनका घटना अझ बढी देखिने गरेको उल्लेख गर्दै जातीय विभेद, छुवाछुत, शोषण, दमन तथा अन्य सामाजिक विकृतिहरू न्यूनीकरणका लागि मानव अधिकारकर्मी, नागरिक समाज र राज्यका निकायहरूले समन्वित रूपमा काम गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त सुशील प्याकुरेलले २०८२ साल भदौ २३ र २४ गते भएको 'जेनजी आन्दोलन' सम्बन्धी प्रतिवेदन राष्ट्रिय मानव अधिकार आयोगलगायतका निकायले समेत हेर्न नपाउने अवस्था किन सिर्जना गरिएको हो भन्ने प्रश्न उठाएका छन्।

सोमबार जनकपुरधाममा आयोजित 'मधेश प्रदेश मानव अधिकार सम्मेलन' लाई सम्बोधन गर्दै उनले उक्त आन्दोलनको सत्यतथ्य सार्वजनिक गर्नुपर्ने माग गरे। राज्य आफैंबाट मानव अधिकार उल्लङ्घन हुने प्रवृत्ति देखिएको आरोप लगाउँदै उनले घटनाको निष्पक्ष छानबिन र प्रतिवेदन सार्वजनिक गर्न आग्रह गरे।

पूर्व आयुक्त प्याकुरेलले नेपालमा मानव अधिकारका समस्या र चुनौती दिनप्रतिदिन थपिँदै गएको उल्लेख गर्दै मानव अधिकारको संरक्षणका लागि भएका आन्दोलनमा शहादत प्राप्त गरेका व्यक्तिहरूको योगदान कहिल्यै बिर्सन नहुने बताए ।

उनले मधेश आन्दोलनमा महिला, पुरुष, दलित, जनजातिलगायत सबै समुदायको महत्वपूर्ण भूमिका रहेको स्मरण गराउँदै लोकतान्त्रिक व्यवस्थामा सबै नागरिकको अधिकार समान रूपमा सुनिश्चित हुनुपर्ने धारणा राखे ।

उनका अनुसार अहिले पनि महिला हिंसा, घरेलु हिंसा, छुवाछुत तथा जातीय

*बाँकी पृष्ठ ३ मा*






फारम भर्ने अन्तिम मिति : २०८३ श्रावण १७ गते सम्म

प्रवेश परीक्षा : २०८३ श्रावण २१ गते

# साउन मेलामा भक्तजनको स्वास्थ्य सुरक्षामा लायन्स र लियो क्लब सक्रिय




**दिवेश कुमार महतो**
**साउन ११ गते, बर्दिवास**

महोत्तरीको धार्मिक एवम् पर्यटकीय क्षेत्र टुटेश्वरनाथ महादेव मन्दिरमा आउने श्रदालुभक्तजनहरुकोरु लागि स्वास्थ्य सेवा स्वरूप हेल्थ डेस्क राखेर कार्यक्रम गरिएको छ।

साउन महिनाको प्रत्येक सोमबार लाग्ने मेलामा लायन्स क्लब अफ बर्दिबास सामाज र लियो क्लब अफ बर्दिबास समाजले दोश्रो हप्ता आज हेल्थ डेक्स राखेर सेवा प्रदान गरिएको छ ।

टाढा-टाढाबाट दर्शनका लागि आउनु भएका श्रद्धालु भक्तजनहरूलाई स्वास्थ्य मा कुनै पनि किसिमले समस्या नहोस् र प्राथमिक उपचारका माध्यमबाट सम्भावित जोखिम न्यूनीकरण होस भन्ने उदेश्यले हामी प्रत्येक वर्ष श्रदालु भक्तजनहरुको सेवामा समर्पित रहँदै आएको कुरा लियो क्लब अफ बर्दिबास समाजकी अध्यक्ष आशा साहले बताइन्।

“देशभित्रबाट तथा छिमेकी मुलुक भारतबाट आउने दर्शनार्थीहरूको ठूलो घुइँचो लाग्ने टुटेश्वरनाथ महादेव मन्दिरमा भक्तजनहरूको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै हेल्थ डेस्क सञ्चालन गरिएको लायन्स क्लब अफ बर्दिबास सामाजकी अध्यक्ष हेम कुमारी बराल (सुनिता) बताइन्। उनका अनुसार “हेल्थ डेस्कमार्फत रक्तचाप परीक्षण, सामान्य स्वास्थ्य जाँच, प्राथमिक उपचार तथा आवश्यक स्वास्थ्य परामर्श प्रदान गरिएको थियो ।

लायन्स क्लब अफ बर्दिबास समाज र लियो क्लब अफ बर्दिबास समाजको संयुक्त पहलमा सञ्चालन गरिएको उक्त सेवामा स्वयंसेवक तथा स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो। आयोजकले साउन महिनाका बाँकी सोमबारहरूमा पनि यस्तै सेवा निरन्तर सञ्चालन गरिने ,उनले बताइन् ।

महोत्तरीको धार्मिक तथा पर्यटकीय स्थल टुटेश्वरनाथ महादेव मन्दिरमा साउन महिनाको सोमबारी मेलाका अवसरमा लायन्स क्लब अफ बर्दिबास समाज र लियो क्लब अफ बर्दिबास समाजले संयुक्त रूपमा सञ्चालन गरेको हेल्थ डेस्कले श्रद्धालु भक्तजनहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको र प्राथमिक उपचार, स्वास्थ्य परीक्षण र परामर्श मार्फत सम्भावित स्वास्थ्य जोखिम न्यूनीकरण गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको यो सेवा सामाजिक उत्तरदायित्वको उत्कृष्ट उदाहरण रहेको एक श्रदालुले बताउनुभयो।

उक्त कार्यक्रममा लियो , लायन्स का पदाधिकारीहरुको उपस्थिति रहेको र यो सेवा आँउने प्रत्येक सोमवार का लागि निरन्तर रहि रहने कुरा ,लियो जिल्ला परिषद ३२५ एफ नेपालका कमिटि डाइरेक्टर लियो रजनिश कुमार सिंहले बताए ।

# नेपाल रेडक्रस धनुषा : पंकजकुमार महतोको नेतृत्वमा तदर्थ समिति गठन

**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, बर्दिवास**

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिले धनुषा जिल्ला शाखाको मौजुदा कार्यसमिति विघटन गर्दै नयाँ तदर्थ समिति गठन गरेको छ ।

केन्द्रीय तदर्थ समितिको साउन ४ गते बसेको बैठकले नेपाल रेडक्रस सोसाइटीको विधान २०२० (अठारौं संशोधनसहित) को व्यवस्था अनुसार नरेशकुमार सिंहको सभापतित्वमा रहेको धनुषा जिल्ला शाखा समिति विघटन गरी जनकपुरधाम उपमहानगरपालिका-१० निवासी पंकजकुमार महतोको सभापतित्वमा ११ सदस्यीय तदर्थ समिति गठन गरेको हो ।

केन्द्रीय कार्यालयले धनुषा जिल्ला शाखालाई पठाएको पत्रअनुसार नवगठित समितिमा इन्जिनियर बिमल पुर्वे मन्त्री, सतिशकुमार सिंह कोषाध्यक्ष तथा डा. सुभाषचन्द्र यादव, राजेशकुमार ठाकुर, राजेश राइन, अजयकुमार नायक, राजेन्द्रकुमार झा, शान्ती विष्ट, नागिनादेवी मिश्र र रामकलादेवी सदा सदस्य रहेका छन् ।

केन्द्रीय कार्यालयले तदर्थ समितिलाई जिल्ला शाखाको वित्तीय अवस्था, बैंक खाता, सम्पत्ति तथा दायित्वको परीक्षण गरी ३० दिनभित्र विस्तृत प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ ।

साथै सदस्यता अद्यावधिक, संस्थागत सुदृढीकरण, सांगठनिक कार्ययोजना निर्माण तथा विधानअनुसार निर्वाचित कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्ने जिम्मेवारी पनि तोकिएको छ ।

त्यस्तै, केन्द्रीय तदर्थ समितिले अघि सारेको रोडम्याप कार्यान्वयनमा समन्वय र सहयोग गर्ने तथा केन्द्रीय कार्यालयले तोकेका अन्य जिम्मेवारी समयमै सम्पन्न गरी प्रतिवेदन बुझाउन पनि समितिलाई निर्देशन दिइएको छ ।

# सुनसरी घटनाको विरोधमा जनकपुरधाममा प्रदर्शन

**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, बर्दिवास**



सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा दुई समूहबीच भएको झडपमा एक जनाको मृत्यु भएको घटनाको विरोधमा जनकपुरधाममा पनि प्रदर्शन गरिएको छ ।

सोमबार साँझ हिन्दू सम्राट सेनाको अगुवाइमा रामानन्द चौक र भानुचौकमा प्रदर्शन गर्दै केही समय सडक अवरुद्ध गरिएको थियो ।

प्रदर्शनकारीहरूले घटनामा संलग्नमाथि कडा कारबाहीको माग गर्दै विभिन्न नाराबाजी गरका थिए । प्रदर्शनका क्रममा प्रधानमन्त्री बालेन्द्र शाह र उनका सल्लाहकार असीम शाहको तस्बिरसमेत जलाइएको थियो ।

प्रदर्शनकारीहरूले असीम शाहलाई प्रधानमन्त्रीको सल्लाहकार तथा संविधान संशोधन संयोजक पदबाट हटाउनुपर्ने माग राख्दै विरोध जनाएका हुन् ।

सुनसरी घटनाप्रति असन्तुष्टि व्यक्त गर्दै प्रदर्शनकारीहरूले ‘मुस्लिम आयोग खारेज गर ’,‘हिन्दू राष्ट्र कायम गर’ लगायतका नारा लगाएका थिए ।

प्रदर्शनका कारण केहीबेर रामानन्द चौक र भानुचौकको सवारी आवागमन प्रभावित भएको थियो भने सुरक्षा व्यवस्थाका लागि नेपाल प्रहरी परिचालन गरिएको थियो ।

प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रहरीले जनाएको छ । सुनसरी घटनाबारे सम्बन्धित निकायले अनुसन्धान अघि बढाइरहेको छ ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# आमसञ्चार विधेयक र सञ्चार निकाय गाभ्ने तयारीप्रति पत्रकार महासंघको आपत्ति

**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, जनकपुरधाम**

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले मधेश प्रदेश सरकारले प्रस्ताव गरेको 'मधेश प्रदेश आमसञ्चार विधेयक, २०८२' तथा प्रदेशका स्वायत्त सञ्चार सम्बन्धी निकायहरू गाभ्ने तयारीप्रति गम्भीर असन्तुष्टि जनाउँदै मुख्यमन्त्री र गृह, सञ्चार तथा कानुन मन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

महासंघले सोमबार मुख्यमन्त्री तथा गृह, सञ्चार तथा कानुन मन्त्रीलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै सञ्चार क्षेत्रसँग सम्बन्धित कानुन पर्याप्त सार्वजनिक बहस, सरोकारवालासँगको परामर्श र सहमतिविना अघि बढाइनु लोकतान्त्रिक मूल्य, प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको अधिकारविपरीत हुने जनाएको हो ।

ज्ञापनपत्रमा नेपालको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, मधेश आन्दोलन तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मका ऐतिहासिक परिवर्तनमा सञ्चार माध्यम र पत्रकारिताले महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गराउँदै स्वतन्त्र प्रेस लोकतन्त्रको आधारस्तम्भ भएको र संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको उल्लेख गरिएको छ ।



महासंघले हाल कार्यान्वयनमा रहेका 'प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७' र 'प्रदेश एफएम, रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धी ऐन, २०७७' लाई प्रतिस्थापन गरी नयाँ आमसञ्चार विधेयक ल्याउने तथा आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकप्रवर्द्धन विकास बोर्डजस्ता स्वायत्त निकायहरूको संरचनामा परिवर्तन गर्ने तयारीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

ज्ञापनपत्रमा ती निकायहरू सीमित बजेट, अपर्याप्त जनशक्ति र स्रोत साधनका बाबजुद आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको उल्लेख गर्दै तिनलाई थप सुदृढ, सक्षम र प्रभावकारी बनाउनुको सट्टा पर्याप्त छलफल र सहमतिविना संरचनागत परिवर्तन गर्नु उचित नहुने महासंघको निष्कर्ष रहेको उल्लेख छ ।

महासंघले सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि कानुन निर्माण गर्दा पत्रकार, सञ्चार गृह, सञ्चारसम्बद्ध संस्था, कानुनविद्, नागरिक समाज तथा अन्य सरोकारवालासँग खुला छलफल, व्यापक परामर्श र सहमति आवश्यक रहने जनाएको छ ।

यस्तो प्रक्रियाले कानुनलाई परिपक्व, व्यवहारिक र सर्वस्वीकार्य बनाउने भए पनि प्रस्तावित विधेयक पर्याप्त सार्वजनिक बहसविना अघि बढाइएकाले प्रेस स्वतन्त्रता, संस्थागत स्वायत्तता तथा नागरिकको सूचनाको अधिकारप्रति स्वाभाविक चिन्ता उत्पन्न भएको महासंघको भनाइ छ ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका सचिव हदिस खुद्दारले लोकतान्त्रिक मूल्य, प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिताप्रति आफूहरू सदैव प्रतिबद्ध रहेको दोहोर्‍याउँदै सरकारसँग संवाद, सहकार्य र सहभागितामूलक प्रक्रियाबाट विधेयक पुनरावलोकन गरिने विश्वास व्यक्त गरेका छन् ।

साथै, सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि कानुनी व्यवस्था अघि बढाउँदा सबै सरोकारवालाको पर्याप्त परामर्श, सहमति र सहभागिता सुनिश्चित गरी संविधानको भावना, प्रेस स्वतन्त्रता तथा लोकतान्त्रिक मूल्यमान्यताअनुरूप निर्णय गर्न आग्रह गरिएको छ ।

महासंघले आफ्ना माग र सुझावलाई बेवास्ता गरिए प्रेस स्वतन्त्रता तथा सञ्चार क्षेत्रको स्वायत्तताको संरक्षणका लागि कडा प्रतिकार गर्दै चरणबद्ध आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनीसमेत दिएको छ ।

ज्ञापनपत्र बुझ्दै मन्त्री महतोले केही पक्षबाट सरकारलाई गलत ढंगले 'ब्रिफिङ' गरिएको दाबी गर्दै प्रस्तावित विधेयक तत्काल अघि नबढाइने जानकारी दिनुभयो। उहाँले विधेयकको प्रक्रिया हाललाई रोकिएको र आवश्यक परामर्श तथा छलफलपछि मात्रै आगामी निर्णय गरिने प्रतिबद्धता जनाउनुभयो ।

# मिटरब्याज पीडितपछि लगानीकर्ता पनि सडकमा

**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, जनकपुरधाम**

मिटरब्याजसम्बन्धी विवाद चर्किरहेका बेला यसमा लगानी गरेको दाबी गर्ने पक्ष पनि आन्दोलनमा उत्रिएको छ ।

आफूहरूलाई 'लगानीकर्ता लेनदेन पीडित सङ्घर्ष समिति' बताउने समूहले सोमबार जिल्ला प्रशासन कार्यालय धनुषामा पुगेर प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझाउनुअघि आन्दोलनकारीहरूले जिल्ला प्रशासन कार्यालयअगाडि नाराबाजी गर्दै विभिन्न माग लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए ।




उनीहरूले मिटरब्याज पीडित संघर्ष समितिसँग सरकारले गरेको ९ बुँदे सम्झौता तत्काल खारेज गर्नुपर्ने माग गरेका छन् ।

समितिले सरकारसँग भएको उक्त सम्झौताले वास्तविक लगानीकर्ताको हकहितमाथि असर परेको दाबी गर्दै त्यसको पुनरावलोकन गर्नुपर्ने मागसमेत अघि सारेको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी भुदेव झाले संघर्ष समितिका प्रतिनिधिले प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझाएको पुष्टि गरे ।

उनका अनुसार देशव्यापी कार्यक्रमअन्तर्गत धनुषासहित विभिन्न जिल्लाका प्रशासन कार्यालयमा एकैसाथ ज्ञापनपत्र बुझाइएको हो ।

मिटरब्याज पीडितहरूको आन्दोलन जारी रहेका बेला लगानीकर्ता पक्षसमेत सडक आन्दोलनमा उत्रिएपछि यस विषयमा नयाँ बहस सुरु भएको छ ।

# मिटरब्याज पीडितद्वारा उच्च अदालत जनकपुरधाम अगाडि प्रदर्शन

**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, जनकपुरधाम**

मिटरब्याजको पीडा भोगिरहेका पीडितहरूले दोषीमाथि कडा कानुनी कारबाहीको माग गर्दै सोमबार उच्च अदालत जनकपुरधामको मुख्य प्रवेशद्वार अगाडि प्रदर्शन गरेका छन्।

हातमा विभिन्न मागसहितका प्लेकार्ड बोकेर प्रदर्शनमा उत्रिएका पीडितहरूले वर्षौंदेखि न्यायको खोजीमा भौतारिनु परेको गुनासो गरेका छन्। उनीहरूले राजनीतिक तथा प्रशासनिक संरक्षणका कारण मिटरब्याजमा संलग्न व्यक्तिहरू कानुनी कारबाहीबाट जोगिँदै आएको आरोपसमेत लगाए।

प्रदर्शनकारीहरूले पीडितलाई शीघ्र न्याय दिलाउन, दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन तथा मिटरब्याजसम्बन्धी मुद्दाको छिटो सुनुवाइ गर्न सरकार र न्यायालयसँग माग गरेका छन्।

मिटरब्याजका कारण धेरै परिवारले घरजग्गा गुमाएको, आर्थिक रूपमा तहसनहस भएको र कतिपय पीडित आत्महत्यासमेत गर्न बाध्य भएको दाबी गर्दै उनीहरूले यस्ता अपराधमा संलग्न व्यक्तिलाई कुनै पनि हालतमा उन्मुक्ति दिन नहुने बताएका छन्।

पीडितहरूले मिटरब्याजका कारण गुमेको सम्पत्ति फिर्ता गराउने व्यवस्था गर्न तथा दोषीलाई कडा सजाय सुनिश्चित गर्न सम्बन्धित निकायको ध्यानाकर्षणसमेत गराएका छन्।

प्रदर्शनका क्रममा केही समय अदालत परिसर बाहिर नाराबाजी गरिएको थियो। कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न भएपनि सम्भावित अप्रिय घटना रोक्न अदालत परिसरमा सुरक्षा व्यवस्था कडा पारिएको थियो।

प्रदर्शनमा सहभागी पीडितहरूले न्याय नपाएसम्म आन्दोलनलाई थप सशक्त बनाउँदै लैजाने चेतावनी दिएका छन्।




# लोकतन्त्रमा सबैको आवाज .......

विभेदजस्ता समस्या समाजमा गहिरोसँग जरा गाडेर बसेका छन् । गणतान्त्रिक व्यवस्थाको मूल आधार समावेशिता भएकाले यी विभेद अन्त्य नभएसम्म मानव अधिकारको वास्तविक प्रत्याभूति हुन नसक्ने उनको भनाइ थियो ।

पूर्व आयुक्त प्याकुरेलले सम्मेलनबाट जारी हुने घोषणापत्र कागजमा मात्र सीमित नभई प्रभावकारी रूपमा कार्यान्वयनमा आए मात्र यसको वास्तविक सार्थकता पुष्टि हुने बताए ।

इन्सेकका अध्यक्ष विजय गौतमको अध्यक्षतामा सम्पन्न सम्मेलनमा श्रम तथा यातायातमन्त्री शारदा देवी थापा, प्रतिनिधिसभा सदस्य गणेश विक, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश प्रमुख बुद्धनारायण सहनी, मधेश प्रदेश प्रहरी कार्यालयका डीआईजी ओमप्रकाश अधिकारी लगायतले मधेश प्रदेशमा मानव अधिकारको वर्तमान अवस्था, चुनौती र सुधारका उपायबारे धारणा व्यक्त गरेका थिए।

# स्पष्ट सञ्चालन मोडेलपछि बर्दिबास मेडिकल कलेज निर्माण अघि बढाइने : शिक्षा मन्त्री पोखरेल



**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, बर्दिवास**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले महोत्तरीको बर्दिबासमा प्रस्तावित बर्दिबास मेडिकल कलेज निर्माण लामो समयसम्म अघि बढ्न नसक्नुको प्रमुख कारण स्पष्ट योजना र सञ्चालन मोडेलको अभाव र हेको बताउनुभएको छ।

प्रस्तावित मेडिकल कलेजको निर्माणस्थल निरीक्षणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री पोखरेलले मधेश प्रदेशका लागि बर्दिबास मेडिकल कलेज अत्यावश्यक परियोजना भएकाले अब स्पष्ट योजना, दीर्घकालीन दृष्टिकोण र उपयुक्त सञ्चालन मोडेलका आधारमा निर्माण प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो।

उहाँका अनुसार मेडिकल कलेजलाई कुन विश्वविद्यालयअन्तर्गत सञ्चालन गर्ने वा छुट्टै स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्ने भन्ने विषयमा विस्तृत अध्ययन भइरहेको छ। उक्त अध्ययनको निष्कर्षका आधारमा दीर्घकालीन रूपमा प्रभावकारी र दिगो सञ्चालन मोडेल छनोट गरी निर्माण कार्य अघि बढाइने उहाँले बताउनुभयो।

मन्त्री पोखरेलले चिकित्सा शिक्षामा राज्यले पर्याप्त लगानी गर्नुपर्ने आवश्यकता औँल्याउँदै मधेश प्रदेशमा गुणस्तरीय मेडिकल शिक्षाको पहुँच विस्तार गर्न बर्दिबास मेडिकल कलेज महत्वपूर्ण हुने उल्लेख गर्नुभयो। उहाँले हतारमा निर्णय नगरी दीर्घकालसम्म प्रभावकारी हुने संरचनामार्फत आयोजना कार्यान्वयन गरिने स्पष्ट पार्नुभयो। बर्दिबास मेडिकल कलेजको योजना खारेज हुन लागेको भन्ने चर्चा निराधार रहेको उल्लेख गर्दै उहाँले आयोजनाका लागि आवश्यक बजेट विनियोजन भइसकेको र निर्माण प्रक्रिया र ोक्ने कुनै योजना नरहेको बताउनुभयो।

पछिल्लो डेढ दशकसम्म पनि आयोजना अघि बढ्न नसकेको विषयमा मन्त्री पोखरेलले विगतमा प्रभावकारी योजना र कार्यान्वयनको स्पष्ट आधार तयार हुन नसक्दा ढिलाइ भएको स्वीकार गर्नुभयो। अब भने व्यवस्थित तयारीसहित निर्माण प्रक्रिया अघि बढाइने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

डेढ दशकअघि घोषणा गरिएको बर्दिबास मेडिकल कलेज निर्माण अझै सुरु हुन नसक्दा स्थानीयवासी निराश बनेका छन्। तथापि, मन्त्री पोखरेलको पछिल्लो प्रतिबद्धतासँगै आयोजना अब व्यवहारिक रूपमा कार्यान्वयनको चरणमा प्रवेश गर्ने अपेक्षा स्थानीयवासीले गरेका छन्।

# 'समस्याको समाधान खोज्दै सरकार अघि बढेको छ'

**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, बर्दिवास**



शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले देशभित्रका समस्याहरुको समाधान खोजेर सरकार अगाडी बढीरहेको बताउनुभएको छ ।

सोमबार मधेश प्रदेशको राजधानी जनकपुरधाम आउनुभएका सरकार का प्रवक्ता समेत रहनुभएका मन्त्री पोखरेलले जनकपुरधाममा सञ्चार कर्मीहरुसँगको संक्षिप्त कुराकानीमा यस्तो बताउनुभएको हो । उहाँले काम गर्ने शिलशिलामा देखिएका चुनौती र अवसरहरुलाई सरकार ले केलाएर अघि बढी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिलेको परि स्थितीमा समस्याहरु धेरै छन् । सर कारले ती समस्याहरुको समाधान खोजेर अगाडी बढने क्रममा छ ।" उहाँले मधेश प्रदेशको साक्षरताको विषयमा सार्वजनिक भएको प्रतिवेदन प्रदेश सरकारलाई हस्तान्तरण गरि सकिएको भन्दै प्रतिवेदनको अधारमा प्रगति पनि राम्रै भएको बताउनुभयो । उहाँले यस विषयमा प्रदेश सरकार र प्रदेश प्रमुखसँगको छलफल पश्चात मधेश प्रदेशलाई पनि छिटै साक्षर प्रदेशको रुपमा घोषणा गरिने बताउनुभयो । उहाँले आफू जनकपुरधामको रार्जशी जनक विश्व विद्यालयको विद्यमान समस्याहरुको बारेमा जानकारी लिन जनकपुरधाम आएको भन्दै विश्व विद्यालयलाई फरक ढंगले अगाडी बढाउन चाहेको बताउनुभयो । उहाँले विश्वविद्यालयको जग्गाको समस्या छिटै समाधान भएर भवन निमार्णको प्रक्रिया पनि चाँडै अगाडी बढने बताउनुभयो ।

उहाँले एक महिनाअघि जनकपुर धाम आउँदा जनकपुरधामको श्री सङ्कटमोचन माध्यमिक विद्यालयका विद्यार्थीहरुले आफूलाई खेलकुदको सामग्रीको अभावका कारण खेलकुद हुन नसकेको बताएको कारण आज आफूले सो विद्यालयका केही विद्यार्थीहरुलाई खेलकुदको सामग्री हस्तान्तरण गरेको जानकारी दिनुभयो । मन्त्री पोखरेलले आजै जनकपुरधामको श्री सङ्कटमोचन देवशरण रामरती माध्यमिक विद्यालयमा गएर खेल प्रति आकर्षित विद्यार्थीलाई व्याट बल, भलिबल, फुटबल, व्याडमिन्टन लगायतका खेलकुद सामग्री हस्तान्तरण गर्नुभएको छ ।

मन्त्री पोखरेलले खेलकुद सामग्री हस्तान्तरणपछि केहीबेर विद्यार्थीसँग क्रिकेट खेल पनि खेल्नुभएको थियो । मन्त्री पोखरेलले आजै रार्जशी जनक विश्व विद्यालय र जनकपुरधामको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसको स्थगत अनुगमन गर्ने कार्यक्रम रहेको बताइएको छ ।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०७३।०९।१७ मा दर्ता भएको प्रा.लि.नं.१६१०५९ भएको दुप्चेश्वर हार्डवेयर एण्ड सप्लायर्स (प्रा.ली.) को २०८३।०४।१० मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८

कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ

सम्पर्क नम्वर:९८४९७१४८६७




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,